गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
# मध्यविन्दु जिल्ला अस्पताल
नवलपरासी बर्दघाट सुस्ता पुर्व

पत्र संख्याः ०८०।८१
चलानी नम्बर :-
districthospitalsustaeast@gmail.com

## क्यान्टिन भाडामा दिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना
## विज्ञापन नम्बर: MDH-NAW(BSE)-G-SQ-09/2080-81(RE)
## (दोस्रो पटक प्रकाशित मिति : २०८०।१०।०८)

यस मध्यविन्दु जिल्ला अस्पतालमा कार्यरत कर्मचारी, सेवाग्राही र बिरामीहरूका लागि खाना तथा खाजा उपलब्ध गराउने गरि क्यान्टिन भाडामा दिई सञ्चालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमको सर्तको अधीनमा रही सहुलियत दररेटमा खुवाउने गरी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । इच्छुक अनुभवी फर्म वा कम्पनीले दर्ता प्रमाणपत्र, मुल्य अभिवृदि कर दर्ता प्रमाणपत्र ,व्यवसाय दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र वा म्याद थप (आव २०७९।८०), नवीकरणको प्रमाणित प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशन एको मितिले १५ दिनभित्र तपसिलका सर्तहरूको अधीनमा रही दरभाउपत्र खरिद/दर्ता गर्नहुन सूचित गरिन्छ।

सिलबन्दी दरभाउपत्र १६ औं दिनको १२:०० बजेसम्म दर्ता गरी सक्नुपर्नेछ र सोही दिन २:०० बजे दरभाउपत्र दाता व निजको प्रतिनिधिको रोहबरमा दरभाउपत्र खोलिनेछ । निजहरूको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न सकिनेछ र दरभाउपत्र दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट सो कार्य गरिनेछ ।
यस अस्पतालको लेखा शाखामा दरभाउपत्र फारामका लागि रकम रु.१,०००।- (फिर्ता नहुने) गरी राष्ट्रिय वाणिज्य बैंक कावासोती शाखामा कार्यालय कोड न.३५००१४६०१४ राजश्व खाता न.१०००२०००१०००० राजश्व शिर्षक न.१४२२१ मा जम्मा गरेको सक्कल भौचर सहित यस अस्पतालवाट उपलब्ध गराईएको फारम भरि पेश गर्नु पर्नेछ ।
जम्मा गरेको भौचर संलग्न गरी निवेदन दिई अस्पतालको प्रशासन शाखाबाट ११:०० बजेदेखि ३:०० वजेसम्म दरभाउ प्राप्त गर्न र दर्ता गर्न सकिनेछ ।

| क्र.सं. | विवरण | दरभाउपत्रको प्रकार | अस्पतालले कायम गरेको मासिक बहाल रकम रु | न्युनतम धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्यान्टिन भाडामा दिने सम्बन्धी सिलबन्दी दरभाउपत्र | सिलबन्दी दरभाउपत्र | २७,५००/- | ८,२५०/- | |

जमानत बापत रा.वा.बै. कावासोती शाखा कार्यालय कोड नं ३५००१४६०१४ ,धरौटी खाता नं ३२००१००२०२०३०००० मा क्यान्टिन सञ्चालन बापत भनी जम्मा गरेको भौचर वा विड वोन्ड दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनुपर्नेछ ।

डा. जितेन्द्र कंडेल
मेडिकल सुपरिटेण्डेण्ट

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
# मध्यविन्द जिल्ला अस्पताल
नवलपरासी बर्दघाट सुस्ता पुर्व

पत्र संख्याः ०८०।८१
चलानी नम्बर :-

districthospitalsustaeast@gmail.com

**तपसिल नियमको अधिनमा रही सेवा सञ्चालन गर्नुपर्नेछः**

- चमेनागृह कुनै पनि दिन बन्द गर्न पाईने छैन ।
- चमेना भवन प्रयोग गरे बापत लाग्ने बिजुली तथा खानेपानीको रकम सञ्चालक स्वयमले भुक्तानी गर्नुपर्नेछ ।
- सरसफाईजन्य पानी अस्पतालले उपलब्ध गराउने छ र पिउने तथा खाना पकाउने व्यवस्था सञ्चालक स्वयमले गराउनु पर्नेछ ।
- अस्पतालका कर्मचारीहरूलाई बिक्री वितरण गरिने खाना/खाजा दरभाउपत्र साथ संलग्न मेनुमा उल्लेख भएबमोजिमको सहुलियत दररेटमा नबढ्ने गरी पेस गर्नुपर्नेछ ।
- अस्पतालले कायम गरेको मासिक भाडा रकम रु. २७,५००/- (अक्षरुपी सत्ताईस हजार पाँच सय रुपैयाँ निर्धारित **(Default)** हुनेछ । सोभन्दा घटी वा वढी कबोल गर्न पाइनेछैन ।
- चमेना गृहबाट उपलब्ध गराउने खाद्य परिकारको परिमाण गुणस्तर एवम चमेना गृह वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पुर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक नभएको पाईएमा जुनसुकै बखत अस्पतालले सम्झौताका शर्त मुताबिक आवश्यक कारबाही गर्न सक्ने ।
- क्यान्टिनभित्र धुमपान तथा मदिराजन्य वस्तु बिक्री वितरण गर्न पाईने छैन ।
- सिलबन्दी दरभाउमा पेश हुन आएका रितपुर्वकको दरभाउपत्र मुल्याङकन गर्दा न्युनतम खाजा एवम खानाको दर कबोल गर्नेलाई मुल्याङकनको मुख्य आधार मानिनेछ ।
- कार्यालयबाट खरिद गरिएको दरभाउपत्र फारम पेश गर्दा रीतपुर्वक भरी सहिछाप लगाएको हुनुपर्नेछ ।
- अस्पतालले उपलब्ध गराईएको बोलपत्रमा फाररमा मेसिनको मुल्य अंक र अक्षरमा अनिवार्य रुपमा खुलाउनु पर्नेछ अन्यथा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार अस्पताल प्रशासनमा हुनेछ ।
- शर्त रहेको रित नपुगेको तथा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारबाही हुने छैन । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट जम्मा गर्न पाईने छैन ।
- ख़रिद कारबाहीमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी स्वयम घोषणा गर्नुपर्नेछ ।
- यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।
- क्यान्टिन सञ्चालकले भर्ना गरि राखिएका बिरामीहरुका लागि कबोल गरिएको दररेटमा नियमित रुपमा खाना खुवाउनु पर्नेछ ।
- क्यान्टिनमा चाहिने भौतिक सामग्रीहरुको सम्पुर्ण व्यवस्था सञ्चालक स्वयमले गर्नुपर्नेछ ।
- दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ ।

विस्तृत जानकारीका लागि प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

डा. जितेन्द्र कँडेल
नि.मेडिकल सुपरिटेण्डेण्ट
अस्पताल प्रशासन
(९८५७०८२९५०)